त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

मिति: २०७७/०४/१६

**विषय: Thesis Draft /Hard Copy Proposal Seminar सम्बन्धी सूचना**

विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोविद १९) को संभावित जोखिमलाई ध्यानमा राखी २०७६ चैत्र ११ गतेदेखि लागु हुने गरी नेपाल सरकारले लकडाउन घोषणा गरे बमोजिम यस अध्ययन संस्थानअन्तर्गत सञ्चालित भेटेरीनरी अस्पताल बाहेक क्याम्पस/कार्यालय बन्द गर्ने निर्णय भएकोले डीन कार्यालयबाट सञ्चालन भएका स्नातकोत्तर तह र विद्यावारिधि तहका शैक्षिक कार्यक्रमहरुको क्यालेण्डर प्रभावित भएको कुरा सबैमा विदितै छ । यसरी प्रभावित भएका शैक्षिक कार्यक्रमहरु सम्बोधन गर्न र शैक्षिक क्यालेण्डर मिलान गर्नका लागि यस अध्ययन संस्थानको मिति २०७७/०४/१५ गतेको निर्णयानुसार निम्नानुसारका कार्य गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

- यस अध्ययन संस्थानअन्तर्गत सञ्चालित स्नातकोत्तर तहको अन्तिम सेमेष्टरमा गरिने Finale Thesis Defense का लागि मिति २०७६/११/२८ गते सम्ममा Draft बुझाइ अनलाइन तथा भौतिक रुपमा उपस्थित भइ Viva दिएका विद्यार्थीहरुले उक्त Thesis को Hard Copy मिति २०७७/०५/२७ गते कार्यालय समयभित्र बुझाउनु पर्नेछ । सो मितिमा Thesis Hard Copy बुझाउन नसकेमा सेमेष्टर थप गरी Registration गर्नु पर्नेछ ।
- मिति २०७६/११/२८ गते सम्ममा Draft बुझाउन नसकेका विद्यार्थीहरुले मिति २०७७/०८/११ गते कार्यालय समयभित्र बुझाउनु पर्नेछ । सो मितिमा Thesis Draft बुझाउन नसकेमा सेमेष्टर थप गरी Registration गर्नु पर्नेछ ।
- यस अध्ययन संस्थानबाट सञ्चालन भएको विद्यावारिधि कार्यक्रममा मिति २०७६/११/२८ गते Registration गरेका विद्यार्थीहरुले Major Supervisor को नामावली प्रस्ताव गरी मिति २०७७/०८/११ गतेभित्र Proposal Seminar गर्नु पर्नेछ ।

डा.किशोर चन्द्र दाहाल
सहायक डीन (शिक्षण)